**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs Date: 05.05.2025**

## Review Meeting for Statehood Programme

मुख्य प्रशासक विजय भूषण पाठक र मुख्य सचिव रविन्द्र तेलाङको अध्यक्षतामा टाशीलिङ सचिवालयमा आज राज्य स्थापना दिवसको पचासौं वार्षिकोत्सव समारोहबारे समग्र प्रगति समीक्षा बैठक बस्यो।

आगामी सोल्ह मई राज्य दिवसको अवसरमा पालन गरिने समारोहको प्रगति र तयारीको आकलन गर्ने उद्देश्यले बसेको बैठकमा सबै सरकारी विभागका विभागीय प्रमुख र वरिष्ठ अधिकारीहरू उपस्थित रहे।

स्वर्ण जयन्ती दृष्टिकोणको संक्षिप्त प्रस्तुतिबाट शुरू भएको बैठकमा समारोहलाई स्मरणीय बनाउन विभिन्न विभागहरूद्वारा सञ्चालन गरिएका गतिविधिहरू र पहलहरूबारे सबै विभागले अवगत गराए। प्रत्येक विभागले विगत पाँच दशकमा सिक्किमले तय गरेको उल्लेखनीय यात्रालाई प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएका आ-आफ्ना प्रमुख कार्यक्रमहरू उजागर गरे।

मुख्य प्रशासकले विभागहरूको सक्रिय सहभागिताको प्रशंसा गर्दै सबै योजनाबद्ध कार्यक्रमहरूको सफल र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न विभागीय समन्वयलाई सुदृढ र बाधारहित बनाउनु पर्ने महत्त्वमाथि जोड दिनुभयो। उहाँले जोड़ दिँदै भन्नुभयो, समारोहले सिक्किमवासीको सामूहिक उपलब्धि र आकांक्षाहरूलाई प्रतिबिम्बित गर्नुपर्छ।

---------------------------------------X---------------------------------------

## Governor Flagged Off Annual Health Camp

राज्यवासीको स्वास्थ्य र कल्याणलाई प्राथमिकता दिँदै राज्यपाल ओम प्रकाश माथुरले आज राजभवनबाट गान्तोकस्थित STNM र मनिपाल अस्पताल अनि सिलगढ़ीको एउटा निजी अस्पतालद्वारा नि:शुल्क स्वास्थ्य शिविर हेतु डाक्टरहरूको टोलीलाई हरियो झण्डी देखाएर प्रस्थान गराउनुभयो। यो आयोजना राज्य स्थापनाको पचासौं वर्षगाँठको एउटा महत्त्वपूर्ण भाग पनि हो।

यो स्वास्थ्य शिविर नाम्ची जिल्लाको याङगाङस्थित PTC-मा आयोजन गरिनेछ, जसमा चिकित्सा विशेषज्ञहरूद्वारा नि:शुल्क परामर्श एवं आवश्यक दवाई उपलब्ध गराइनेछ। यस पहलको उद्देश्य राज्यमा स्वास्थ्य सेवालाई सुदृढ़ पार्नका साथै नागरिकहरूलाई गुणस्तरीय एवं सुलभ चिकित्सा सुविधा प्रदान गर्नु हो।

यस अवसरमा राज्यपाल श्री माथुरले भन्नुभयो, सिक्किमवासीको स्वास्थ्य हाम्रो सर्वोच्च प्राथमिकता हो। यो स्वास्थ्य शिविर 'स्वस्थ सिक्किम, समृद्ध सिक्किम'-को लक्ष्य साकार पार्ने दिशामा एउटा महत्त्वपूर्ण पहल हो। उहाँले सबै नागरिकसित यस सेवाको लाभ उठाउन र एउटा स्वस्थ समाज निर्माणमा योगदान दिन आग्रह गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

**Special Cleanliness Drive**

सशस्त्र सीमा बल (SSB)-को बहतरौं बाहिनीले हिजो गेजिङ जिल्लाको योक्समस्थित दुब्दी गुम्पामा स्वच्छ भारत अभियानअन्तर्गत विशेष स्वच्छता अभियान चलायो। बाहिनीका कमान्डेन्ट जय प्रकाशको मार्गदर्शनमा आयोजित अभियानको उद्देश्य गुम्बा परिसरको सरसफाइ गर्नका साथै मानिसहरूमाझ स्वच्छताको महत्त्वबारे जागरूकता फैलाउनु हो। यस अभियानमा SSB-का जवान, गुम्बाका लामाहरू लगायत स्थानीयवासी सक्रियता साथ सहभागी बने।

सफाई अभियानपछि सद्भाव र सहयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले योक्सम वरिष्ठ माध्यमिक विद्यालयको खेल मैदानमा स्थानीय युवा र SSB जवानबीच मैत्रीपूर्ण क्रिकेट खेल खेलियो।

कमान्डेन्टले भन्नुभयो, स्वच्छता अभियान केवल सरकारी योजना मात्र नभइ प्रत्येक नागरिकको नैतिक कर्तव्य पनि हो। उहाँले समाजका सबै वर्गसित राष्ट्र निर्माणमा सक्रियता साथ सहभागी बन्न आग्रह गर्नुभयो।

---------------------------------------X---------------------------------------

**Ramdas Athawale Meets Governor**

केन्द्रिय सामाजिक न्याय एवं अधिकारिता राज्यमन्त्री रामदास अठावलेले हिजो राजभवनमा राज्यपाल ओम प्रकाश माथुरसित भेट गर्नुभयो। भेटअवधि दुई नेताबीच सिक्किमको सामाजिक विकास, विशेषगरी महिला सशक्तिकरण एवं सामाजिक न्यायका विभिन्न पक्षबारे विचार-विमर्श भयो।

राज्यपालले सिक्किममा महिलाहरूको सशक्त भूमिकामाथि प्रकाश पार्दै यहाँका महिलाहरूले सामाजिक संरचनामा अग्रणी हुनका साथै आर्थिक, शैक्षिक एवं राजनीतिक क्षेत्रमा पनि प्रभावी नेतृत्व गरिरहेको बताउनुभयो। श्री माथुरले भन्नुभयो, सिक्किमका महिलाहरूको आत्मनिर्भरता र सामाजिक सहभागिता देशभरिका लागि प्रेरणाको स्रोत हो।

यस क्रममा राज्य मन्त्रीले भन्नुभयो, केन्द्र सरकार समाजको प्रत्येक वर्ग, विशेष रूपले वञ्चित समुदायको अधिकारको सुरक्षा र सशक्तिकरणप्रति पूर्ण रूपले प्रतिबद्ध छ।

---------------------------------------X---------------------------------------

**Lachen-Gurudongmar Permits**

मंगन जिल्लाको लाचेन र गुरूदोङमार पोखरीको यात्रा गर्ने पर्यटकहरूका निम्ति निम्ति पर्मिट भोलीदेखि पुनः जारी गरिने बताइएको छ। लगातार परेको भारी वर्षापछि मुनसिथाङमा गएको व्यापक पहिरोका कारण केही दिनअघिसम्म बन्द रहेको सड़क मार्ग खुल्ला भएपछि यो निर्णय लिइएको हो।

आवश्यक मरम्मतको कार्यपछि अब सड़क मार्ग खोलिनका साथै स्थिति सामान्य भएको छ।

---------------------------------------X---------------------------------------

**Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार वितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान बाहीस डिग्री सेल्सियस र न्यूनतम तापमान तेह्र दशमलौ आठ डिग्री सेल्सियस रेकार्ड गरियो।
विभागको पूर्वानुमानमा भोलि आकाशमा बादल छाउनका साथै छुटपुट वर्षा हुने अनि चट्याङ हान्ने सम्भावना छ। भोली अधिकतम ताममान बाहीस डिग्री सेल्सियस र न्यूनतम तेह्र डिग्री सेल्सियस रहनेछ।

----------------------------------------X----------------------------------------

**Bar Associations Election**

सिक्किम बार संगठन, उच्च न्यायालय र अधीनस्थ न्यायालयको चुनाउ आज सम्पन्न भयो। नयाँ कार्यकारी समिति निर्वाचित गर्न गान्तोक जिल्लाको सिच्छेस्थित जिल्ला न्यायालय परिसरमा रहेको मुख्य बार कक्षमा चुनाउ सम्पन्न भयो। यो चुनाउ उपसभापति अनि कार्यकारी सदस्य तीन र चारका निम्ति सम्पन्न भयो। नयाँ समितिका बाँकी सदस्यहरू भने निरविरोध निर्वाचित भइसकेका छन्। टाशी रापतेन बर्फुङपा समितिका अध्यक्षको रूपमा निरविरोध निर्वाचित हुनुभएको छ।

----------------------------------------X----------------------------------------